प्रतिदिन १६औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY

वर्ष-१६ ।। अङ्क : ७९ ॥ २०८१ वैशाख १४ गते शुक्रबार (26th Apr 2024 Friday)

**Pratidin** National Daily

मूल्य-रु.५/-

प्रतिदिन

हर प्रहर ताजा खबर!

लगइन गर्नुहोस्

विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

### दुर्घटना बढ्यो

# मेचीनगरमा एकको मृत्यु, पाँच घाइते

झापा(प्रस) । झापाको मेचीनगरमा मोटरसाइकल दुर्घटनामा परी चालकको मृत्यु भएको छ । बिहीवार राति ८.३५ बजेको समयमा मेचीनगर नगरपालिका वडा नं.१२ देउनिया पुलस्थित लोकमार्गमा बिर्तामोडबाट चारआलीतर्फ जाँदै गरेको मे११प १६०९ नं. को मोटरसाईकल आफै अनियन्त्रित भई दुर्घटना भएको हो । दुर्घटनामा चालक तत्काल नाम थर वतन नखुलेको अन्दाजी ४० वर्षका पुरुष मानिस गम्भीर घाईते भई उपचारको लागि बीएण्डसी अस्पताल बिर्तामोड लाने क्रममा बाटोमा नै मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी कृष्णकुमार चन्दले बताए । उनले सवारीसाधन प्रहरी चौकी चारआलीको नियन्त्रणमा रहेको जानकारी दिए ।

त्यस्तै मेचीनगरमा दुईवटा मोटरसाइकल एकापसमा जुध्दा पाँचजना घाइते भएका छन् । बिहीवार दिउँसो ३.३० बजेको समयमा मेचीनगर नगरपालिका वडा नम्बर ३ बडाखाल टोलस्थित भित्री सडकखण्डमा ईटाभट्टाबाट बौद्धमोडतर्फ जाँदै गरेको प्रदेश १-०१-०१४ प ५८४९ नम्बरको मोटरसाईकल र बिपरीत दिशाबाट आउँदै गरेको ग २३ प २३९८ नम्बरको मोटरसाईकल एक आपसमा ठक्कर खाई दुर्घटना भएको हो । दुर्घटनामा परी प्रदेश नम्बर १-०१-०१४ प ५८४९ नम्बरको मोटरसाईकल चालक मेचीनगर नगरपालिका वडा नम्बर ७ बस्ने २८ वर्षीय तीर्थ दाहालको दाहिने खुट्टा भाच्चिएको( अवस्था मध्यम) , सोही मोटरसाईकल पछाडी सवार मेचीनगर ७ कै २४ वर्षीय रुपेश गिरीको दाहिने खुट्टा र ढाडमा चोट( अवस्था सामान्य) ,सोही मोटरसाईकल पछाडी सवार ३४ वर्षीय मदनकुमार अधिकारीको दुबै हात र खुट्टामा चोट(अवस्था सामान्य) , ग २३ प २३९८ नम्बरको मोटरसाईकल चालक सप्तरी बोदेबर्साईन नगरपालिका वडा नम्बर ८ बस्ने २१ वर्षीय मुकेश यादबको टाउको र नाकमा चोट( अवस्था मध्यम) र सोही मोटरसाइकलको पछाडी सवार सप्तरी बोदेबर्साईन नगरपालिका ८ कै २१ वर्षीय ओमप्रकाश यादबको दाँत भाच्चिएको प्रहरीले जनाएको छ ।

घाईतेहरुको बीएण्डसी अस्पताल बिर्तामोडमा उपचार भइरहेको र दुबै मोटरसाईकल अस्थाई प्रहरी पोष्ट भृकुटीको नियन्त्रणमा रहेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी चन्दले बताए ।

# एकैदिन पाँच जनाको ज्यान गयो

झापा(प्रस) । झापामा सवारी दुर्घटनामा परी एकैदिन पाँचजनाको ज्यान गएको छ । बुधवार शिवसताक्षीको झिलझिलेमा तीन , कन्काईको सुरुङ्गामा एक र भद्रपुरमा अर्का एकजनाको ज्यान गएको हो । शिवसताक्षी ८ झिलझिलेस्थित पूर्वपश्चिम राजमार्गमा बोलेरोको ठक्करबाट कमल गाउँपालिका ४ बस्ने २० वर्षीय युनिस भण्डारी, सोही ठाउँ बस्ने १७ वर्षीय सरोज रेग्मी र २५ वर्षीय मोटरसाइकल चालक मौसम राईको मृत्यु भएको थियो । एउटै ठाउँका उनीहरु दोमुखामा पौडी खेल्न मोटरसाइकलमा जाँदै गर्दा दुर्घटनामा परेको बताइएको छ ।

बिहान ५:३० बजेको समयमा शिवसताक्षी ८ झिलझिलेस्थित पूर्वपश्चिम राजमार्गमा कमलबाट सुरुङ्गातर्फ आउँदै गरेको मे३प ५००१ नं को १५० सीसीको मोटरसाइकल र बिपरित दिशाबाट जाँदै गरेको प्र १-०१-००१ च ९३२९ नं को बोलेरो एक आपसमा ठक्कर खाई दुर्घटना भएको हो । मोटरसाइकलमा सवार तीन जनामध्ये दुईजनाको घटनास्थलमै मृत्यु भएको र एकजनालाई बीएण्डसी हस्पिटल बिर्तामोड लैजाँदै गर्दा मृत्यु भएको जनाइएको छ ।मोटरसाइकल ,बोलेरो,बोलेरो चालक मेचीनगर ६ बस्ने ४५ वर्षीय ऋषिराज गिरी इलाका प्रहरी कार्यालय झिलझिलेको नियन्त्रणमा रहेको प्रहरी निरीक्षक अनिश बुढाथोकीले बताए ।

त्यस्तै बुधवार राति झापाको भद्रपुरमा मोटरसाइकलको ठक्करबाट एक महिलाको मृत्यु भएको छ । राति ८ बजेको समयमा भद्रपुर नगरपालिका वडा नं. ८ नमुना टोलस्थित चन्द्रगढी- भद्रपुर भित्री सडकखण्डमा भद्रपुरबाट चन्द्रगढीतर्फ आउँदै गरेको मे ४ प ४८९६ नम्बरको मोटरसाइकलले पैदलयात्री नाम थर वतन नखुलेको मागिखाइ हिड्ने वर्ष अन्दाजी ८० की पहाडे मुलको जस्तो देखिने बृद्धा महिलालाई ठक्कर दिएको थियो । टाउकोमा चोट लागेर गंभीर घाईते भई ती बृद्धालाई उपचारका लागि प्रादेशिक अस्पताल भद्रपुर लगिएको थियो । उपचारका क्रममा राति ९ बजे ती बृद्धाको मृत्यु भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले जनाएको छ ।

दुर्घटनापछि मोटरसाइकल र मोटरसाइकल चालक भद्रपुर नगरपालिका ८ बस्ने ४९ वर्षीय विशन मोतेलाई जिल्ला प्रहरी कार्यालयले नियन्त्रणमा लिएको छ ।

त्यस्तै बुधवार राति झापाको कनकाई नगरपालिका वडा नम्बर ३ स्थित सुरुङ्गा पुलमा मोटरसाइकल चालकको मृत्यु हुनेगरी भएको दुर्घटनामा संलग्न सवारीसाधनलाई प्रहरीले नियन्त्रणमा लिएको छ । पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको प्रदेश १-०१-००१ ख ४२६८ नम्बरको बसले ठक्कर दिएको हुनसक्ने आशंकामा राति १ बजेतिर नियन्त्रणमा लिएको

❖ बाँकी अन्तिम पृष्ठमा

# चार दिनमा २३८ ग्राम ब्राउनसुगरसहित १३ पक्राउ

झापा(प्रस) । लागूऔषधको मुख्य ट्रान्जिट पोइन्ट बनेको झापामा ब्राउनसुगरको कारोबार बढेसंगै प्रहरीले सक्रियता बढाएको छ । यसक्रममा झापा प्रहरीले चार दिनमा २३८.६६ ग्राम ब्राउनसुगरसहित १३ जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमध्ये ४ जना भारतीय कारोबारी रहेका छन् । बुधवार साँझ ६.४० बजेको समयमा बिर्तामोड नगरपालिका वडा नं. ९ किराँत चौक घर भई दमक नगरपालिका वडा नं. ७ मा डेरा गरी बस्ने २९ वर्षीय कमल श्रेष्ठको कोठामा प्रतिबन्धित लागूऔषध बिक्री वितरणको लागि संचय गरी राखेको भन्ने गोप्य सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय र इलाका प्रहरी कार्यालय

❖ बाँकी तेस्रो पृष्ठमा

हार्दिक बधाई तथा शुभकामना

नेपाल सुनचाँदी व्यवसायी संघ झापाका कोषाध्यक्ष,गहतराज संजाल झापाका जिल्ला अध्यक्ष तथा श्री मनकामना ज्वेलर्सका संचालक मेरो भाई (साला) अभिषेक गहतराज वीरता जेसीज २०२४ को उपाध्यक्ष जस्तो गरिमामय पदमा निर्विरोध निर्वाचित हुनु भएकोमा बधाई दिँदै सफल कार्यकालको लागि हार्दिक शुभकामना व्यक्त गर्दछौ ।

**धिरेन विश्वकर्मा**
संचालक
न्यू सरस्वती ज्वेलर्स परिवार
बिर्तामोड, झापा

## डढेलो निभाउने क्रममा जलेर बृद्धको मृत्यु

झापा(प्रस) । खोटाङमा सामुदायिक वनमा लागेको डढेलो निभाउनेक्रममा जलेर एक वृद्धको मृत्यु भएको छ । रावाबेंसी गाउँपालिका-१ कुभिन्डेस्थित हरमटारका ८५ वर्षीय सिद्धिबहादुर श्रेष्ठको जलेर मृत्यु भएको हो ।

खेतमा जम्मा भएको झिक्रा तथा पात डढाउन आफैंले

❖ बाँकी अन्तिम पृष्ठमा

ऋषिकेश
Hair Oil
३५ जडिबुटीयुक्त

- कपाल झर्न नदिने
- नया कपाल उमार्ने
- सिल्की बनाउने
- चाया हटाउने
- टाउको चिलाउन रोक्ने

Chemical free no side effects
100% Natural
Price Rs. 1500/-

ऋषिकेश
Ayurvedic Hair Oil
Promote Hair Regrowth
Stimulate Hair from Root
Control Hair Loss
Prevent Dandruff

Saptashree Ayurvedic Pvt. Ltd.
Kathmandu, Nepal
Mobile/Whatsapp: 9810095900, 9844600332

अव तपाईहरूकै शहर विर्तामोडमा प्राविधिक शिक्षा तथा ब्यवसायीक तालिम परिषद (CTEVT) बाट मान्यता प्राप्त तपसिल बमोजिमका तालिमहरु संचालन भईरहेको सम्बन्धित सबैमा जानकारी गराउँदछौं ।

तालिमहरू : ( बैदेशिक रोजगार तथा स्वदेशमा नै स्वरोजगार बन्नका लागि )

| क्र.स. | संचालनमा रहेका तालिमहरू | अवधि |
|---|---|---|
| १. | केयर गिभर (Care Giver) | ३९० घण्टा |
| २. | सहायक अभ्यङ्गकर्ता (Assistant Massage Therapist) | ४२० घण्टा |
| ३. | परम्परागत आयुर्वेद कार्यकर्ता (Traditional Ayurved Worker) | ३९० घण्टा |
| ४. | शारीरिक पुर्नस्थापना सहायक (Physical Rehabiliation Assistant) | ४९० घण्टा |

अन्य थप जानकारीको लागि :-

विर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर प्रा.ली.
अष्टाङ्ग आयुर्वेद फार्मेसी
विर्तामोड न.पा. -१. राजगढ स्टेण्ड वाट १०० मिटर दक्षिण
सम्पर्क नं. ०२३-५३२३६६. ९८०६०३४४२६

**डा. विकाश जैशी, MD, DM**
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर), पेट, ग्याष्ट्रिक, अल्सर जन्डिस, हेपटाईटिस रोग
समयः प्रत्येक महिनाको अन्तिम आईतबार, काठमाडौंबाट

**डा. दिपायन पाण्डे, MD**
विशेषज्ञ - छाला, यौन, सौन्दर्य, कुष्ठरोग
समयः प्रत्येक विहिबार

**डा. आलोक झा, MD**
विशेषज्ञ - मानसिक, नशा, रोग (बाल तथा किशोर मनोचिकित्सक)
समयः प्रत्येक महिनाको पहिलो शनिबार

**डा. केशव कु. मण्डल, MD**
विशेषज्ञ - नवजात शिशु तथा बाल रोग
समयः दैनिक सेवा

**डा. प्रेम ब. शाही, MS, FISS**
प्रमुख विशेषज्ञ - हाडजोर्नी, नशा तथा मेरूदण्ड सर्जन
समयः दैनिक सेवा

**डा. हरिशंकर प्र. यादव, MD, FIEM**
विशेषज्ञ - मधुमेह, थाइराईड, हर्मोन रोग । समयः दैनिक सेवा

**डा.धिरज ताम्राकार, MD**
विशेषज्ञ - आन्तरिक मेडिसिन तथा फिजिसियन । समयः दैनिक सेवा

**डा. धिरज गिरी, MS**
विशेषज्ञ - नाक, कान, घाँटी, टाउको रोग
समयः दैनिक सेवा

**प्रा. डा. अरूण सेढाई, MD, DM**
प्रमुख विशेषज्ञ - मृगौला (किड्नी), पिसाब रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समयः प्रत्येक महिना विर हस्पिटलबाट

**प्रा. डा. गौरवराज ढकाल, MS, FISS**
प्रमुख विशेषज्ञ - मेरूदण्ड (स्पाइन), गर्धन, कम्मर, नशा, ढाँड रोग/सर्जन
समयः प्रत्येक महिना विर हस्पिटलबाट

**डा. धर्मागत भट्टराई, MD, DM**
प्रमुख विशेषज्ञ - बाल बाथरोग, एलर्जी तथा रोग प्रतिरक्षा (इम्युनिटी) रोग
समयः प्रत्येक महिना इम्युनोकेयर सेन्टरबाट

**डा. विवेक कट्टेल, MD, FRCI**
प्रमुख विशेषज्ञ - बाथरोग तथा (युरिक एसिड), जोर्नी रोग
समयः प्रत्येक महिना न्यूरो हस्पिटलबाट

स्वास्थ्य सेवामा सँगसँगै
जिवनरक्षा
जिवनरक्षा पोलिक्लिनिक
एण्ड डाइगोनोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड-४, भद्रपुररोड, झापा (यामाहा शोरुम अगाडि)
जानकारीका लागि सम्पर्क
023-531242/023-591566
प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/फिजियोथेरापी/ विशेषज्ञ ओ.पि.डि.
हेल्थ प्याकेज/डेन्टल/डिजिटल एक्स-रे
9817094601

# इलाम उपनिर्वाचन : मतदानको दिन यातायात बन्द

झापा(प्रस) । इलाम-२ को उपनिर्वाचनका लागि बैशाख १५ गते अर्थात् शनिबार इलाम जिल्लाभर यातायात बन्द गरिने भएको छ । बिहीबार बसेको सर्वदलीय बैठकले मतदानका दिन मेची राजमार्गसहित जिल्लाभरि नै बिहान ५ देखि बेलुका ६ बजेसम्म यातायात बन्द गर्ने निर्णय गरेको छ ।

मुख्य निर्वाचन अधिकृत, प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायसहित बसेको सर्वदलीय, सर्वपक्षीय बैठकले मतदानका दिन शान्ति सुरक्षा कायम राख्न सहज हुने निष्कर्षसहित यस्तो निर्णय गरिएको प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले बताए । बैठकले अत्यावश्यक र अनुमति प्राप्त सवारी बाहेकका सबै सवारी बन्द गर्ने निर्णय गरेको हो ।

मतदानका दिनलाई छिमेकी जिल्लाहरु झापा, पाँचथर, ताप्लेजुङ् र मोरङलगायत सबै जिल्लालाई जानकारी गराइएको र सबै जिल्ला जोडिने नाका पनि बन्द हुने प्रजिअ यादवले जानकारी दिए । सञ्चारकर्मीका लागि भने सञ्चार संस्थाको सिफारिसका आधारमा मुख्य निर्वाचन अधिकृतको कार्यालयबाट सवारी पास उपलब्ध गराइने भएको छ ।

बैठकमा मतदानका दिन हिँडडुल गर्न नसक्ने, गर्भवती महिला, आफ्नै साथमा बच्चा बोकी आएका महिला, किरियापुत्री, शारीरिक रुपमा अशक्त, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिकलाई मतदान केन्द्रसम्म आउन र फर्कन सर्वपक्षीय र सर्वदलीय सहमातिमा मतदान अधिकृतबाट सवारी अनुमतिपत्र उपलब्ध गराउने निर्णय भएको छ ।

# कक्षा १२ को परीक्षा आजदेखि

झापा(प्रस) । कक्षा १२ को शुक्रबार सुरु हुने परीक्षामा ४ लाख ९१ हजार ४ सय ९७ विद्यार्थी सहभागी हुँदै छन् । राष्ट्रिय परीक्षा बोर्डका अनुसार नियमिततर्फ १ लाख ९६ हजार ९ सय १४ छात्रा र १ लाख ९३ हजार ९ सय ३३ जना छात्र गरी ३ लाख ९० हजार ८ सय ४७ परीक्षार्थी छन् । बाँकी भने ग्रेडवृद्धितर्फका विद्यार्थी हुन् । ७७ वटै जिल्ला र जापानको एकसमेत गरी १ हजार ५ सय २६ केन्द्रमा परीक्षा सञ्चालन हुनेछन् । गतवर्षभन्दा यसपालि १८ हजार परीक्षार्थी बढेकाले परीक्षा केन्द्र पनि अघिल्लो वर्षको तुलनामा थपिएको बोर्डका सदस्य सचिव दुर्गाप्रसाद अर्यालले जनाए ।

सबैभन्दा बढी काठमाडौंमा १ सय ४४ र मनाङ/मुस्ताङमा एक/एक वटा परीक्षा केन्द्र तोकिएको छ । काठमाडौंमा यस पटक स्वचालित (स्यान्डम) प्रक्रियाबाट परीक्षा केन्द्र तोकिएको हो । प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा रहने परीक्षा समन्वय समितिको सिफारिसमा परीक्षा केन्द्र तोक्ने व्यवस्था छ । तर काठमाडौंमा परीक्षणका रूपमा समितिले स्वचालित प्रक्रियाबाट परीक्षा केन्द्र तोकेको उनले बताए ।

हरेक विद्यालयका परीक्षार्थी संख्या र परीक्षा केन्द्रको सिट संख्याका आधारमा तथा विद्यालय र केन्द्रको अक्षांश र देशान्तरका आधारमा दूरी निकालिएको थियो । विद्यालयबाट नजिक पर्ने केन्द्रलाई प्राथमिकता दिइएको थियो । एकै विद्यालयको परीक्षार्थी संख्या हेरी सकभर औसतमा १५० भन्दा बढी परीक्षार्थी एकै केन्द्रमा नपर्ने गरी बाँडिएको छ । एउटै सञ्चालक भएका विद्यालयमा केन्द्र नपर्ने गरी छनोट गरिएको शिक्षा मन्त्रालयले जनाएको छ । दुई परस्पर विद्यालयका परीक्षार्थीको केन्द्र एक अर्कार्कोमा पनि नपर्ने गरी व्यवस्था गरिएको छ ।

यसो गर्दा एउटै विद्यालयका विद्यार्थी पनि फरक/फरक केन्द्रबाट परीक्षा दिँदै छन् । परीक्षा केन्द्र तोक्दा सेटिङ हुने गरेको समेत गुनासो थियो । निश्चित विद्यालयको केन्द्र कुनै विद्यालयमा तोक्न वा नतोक्न सेटिङ हुने गरेको भन्दै आलोचना हुने गरेको थियो । देशभरबाट ५ हजार ५ सय ४२ विद्यालयका विद्यार्थी कक्षा १२ को परीक्षामा सहभागी हुँदै छन् । काठमाडौंबाट सहभागी हुने विद्यालयका विद्यार्थीको केन्द्र स्वचालित विधिबाट तोकिएको हो ।

'यो विधि लागू गर्दा कुन विद्यालयका विद्यार्थी कुन केन्द्रमा पर्छन् निश्चित हुँदैन,' अर्यालले भने, 'एउटै विद्यालयका विद्यार्थी पनि फरक-फरक केन्द्रमा परेका छन्, यो वर्ष परीक्षण भएपछि आगामी वर्षदेखि देशभरि नै लागू गरिन्छ ।'

त्यसो गर्दा उत्तरपुस्तिका परीक्षण, सम्परीक्षणमा समेत कुन विद्यालयको उत्तरपुस्तिका हो भन्ने पहिचान गर्न मुश्किल पर्ने बोर्डले जनाएको छ । काठमाडौं उपत्यकाभित्रका उत्तरपुस्तिका परीक्षणका लागि निश्चित निजी विद्यालयको सेटिङकै आधारमा उपत्यका बाहिर नपठाउने गरिएको आरोपसमेत लाग्दै आएको छ ।

प्रश्नपत्र भने गतवर्ष जस्तै अनलाइनबाट पठाइने बोर्डका अध्यक्ष महाश्रम शर्माले जनाए । तर अनलाइनबाट पठाउँदा सुरक्षाका दृष्टिकोणले गतवर्षभन्दा सावधानी अपनाइने पनि उनले जनाए । अनलाइनबाट प्रश्नपत्र पठाउँदा प्रिन्ट गर्ने क्रममा बाहिरिने गुनासो आएको थियो । इमेलबाट प्रश्नपत्र पठाउँदा 'टाइम पासवर्ड' को प्रबन्ध गरिएको बोर्डले जनाएको छ । त्यस्तै केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष र परीक्षामा खटिने केन्द्राध्यक्षको रोहबरमा मात्रै प्रश्नपत्र परीक्षा सञ्चालन हुनुभन्दा आधा घण्टा पहिले प्रिन्ट गर्न निर्देशन दिइएको शर्माले जनाए । 'गतवर्ष सामान्य इमेलमा प्रश्नपत्र पठाउने गरेका थियौं, यसपालि सिस्टममा पठाउँछौं,' उनले भने ।

२०७६ को कोभिड महामारीयता बोर्डले कक्षा १२ को प्रश्नपत्र अनलाइनबाटै पढाउने व्यवस्था गर्दै आएको छ । चैतमा सञ्चालित एसईई परीक्षामा भने छपाइ गरेरै परीक्षा केन्द्रहरूमा प्रश्नपत्र पठाइएको थियो । परीक्षामा केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, निरीक्षक, कर्मचारी, कार्यालय सहयोगी गरी ३४ हजार १ सय ७१ जनशक्ति खटिँदै छन् भने १८ हजार ३ सय प्रहरी परिचालन हुने बोर्डले जनाएको छ । उत्तरपुस्तिकासहित परीक्षा सामग्री केन्द्रमा पुगिसकेको बोर्डले जनाएको छ । केन्द्राध्यक्षको अभिमुखीकरण पनि सकिएको सदस्यसचिव अर्यालले बताए ।

# उपनिर्वाचनमा सेना परिचालन गर्ने स्वीकृति

झापा(प्रस) । इलाम क्षेत्र नम्बर २ प्रतिनिधि सभा र बझाङ क्षेत्र नम्बर १ को प्रदेश सभा क्षेत्र १ मा हुने उपनिर्वाचनमा नेपाली सेना पनि परिचालन गरिने भएको छ।

मन्त्रिपरिषदको वैशाख १० गतेको निर्णय र प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' को पत्रका आधारमा राष्ट्रपति रामचन्द्र पौडेलले उपनिर्वाचनमा नेपाली सेना परिचालन गर्न स्वीकृति दिएका हुन्।

राष्ट्रपति कार्यालयकी प्रवक्ता शैलजा रेग्मी भट्टराईले सरकारको सिफारिसका आधारमा राष्ट्रपतिले सेना परिचालन स्वीकृति दिएको उल्लेख गर्दै बिहीबार विज्ञप्ति जारी गरेकी छन्।यही वैशाख १५ गते इलाम र बझाङमा उपनिर्वाचन हुँदैछ। उपनिर्वाचन स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्नका लागि सुरक्षा निकायहरू समन्वयात्मक रूपमा परिचालन गर्न राष्ट्रिय सुरक्षा परिषद्को गत वैशाख १० को बैठकले सेना परिचालन गर्नुपर्ने निष्कर्ष निकालेको थियो।

विगतका निर्वाचनमा पनि नेपाली सेनालाई बाहिरी घेरामा परिचालन गर्ने गरिएको छ।

# कुम्भ मेलामा १२ लाखभन्दा बढी दर्शनार्थी पुगे

झापा(प्रस) । सुनसरीको बराह क्षेत्र नगरपालिका-१ चतराधाममा गत चैत २७ गतेदेखि सञ्चालन भइरहेको बाह्र वर्षे पिण्डेश्वर पूर्ण महाकुम्भ मेलामा हालसम्म १२ लाखभन्दा बढी दर्शनार्थी सहभागी भएका छन् ।

बाह्र वर्षे पिण्डेश्वर पूर्ण महाकुम्भ मेलाका मूल आयोजक समितिको तथ्याङ्कअनुसार मेलामा पछिल्लो समय सयौं दर्शनार्थी सहभागी हुने गरेको महाकुम्भ मेलामूल आयोजक समितिका सचिव चन्द्र मगरले बताए ।

आयोजक समितिले एक महिनाभरमा करिब ३० लाख दर्शनार्थी सहभागी हुने अनुमान गरेको थियो । दैनिकरुपमा दर्शनार्थी बढ्दै गएकाले आयोजकले लिएको लक्ष्यअनुसार एक महिनामा ३० लाख दर्शनार्थी सहभागी हुनसक्ने र लिइएको अपेक्षा पूरा हुनसक्ने सचिव मगरले बताए ।

दैनिकरुपमा दर्शनार्थी बढ्दै गएको र दिनानुदिन गर्मी अत्यधिक बढेसँगै व्यवस्थापनमा अझ केही थप गरेर सरसफाइसँगै दर्शनार्थीको लागी सबै ठाउँमा पानीको व्यवस्था र खाना बस्नको सुविधा राम्रो तयार पारेर अगाडि बढिरहेको मूल आयोजक समितिकासहअध्यक्ष तथा बराह क्षेत्रनगरपालिकाका प्रमुख रमेश कार्कीले जानकारी दिए ।

कुम्भमेलामाबिहानैदेखि दर्शनार्थीको भीड लाग्ने गरेको छ । सप्तकोशीमा स्नान गर्न, कुम्भको दर्शन गर्न, प्रवचन सुन्न र घुमघाम गर्न दर्शनार्थी आइरहेका छन् ।

कुम्भमा सहभागी हुन पूर्वी नेपालका विभिन्न ठाउँबाट मात्र नभएर बैतडी, दाङ, बाजुरा, अछाम, डडेलधुरालगायतका अन्य सबै जिल्लाबाट दर्शनार्थी आइरहेको उनले बताए । यस्तै, मधेसका सप्तरी, सिरहादेखि भारतबाट समेत उल्लेख्य रुपमा दर्शनार्थी आइरहेको र अमेरीका, अष्ट्रेलिया, क्यानडालगायका देशबाट भक्तजन मात्र नभएर धर्मगुरुसमेत आएको आयोजकको भनाइ छ ।

टाढादेखि आउने दर्शनार्थीका लागि खाना र बस्नको राम्रो व्यवस्था मिलाइएको छ । यस्तै, यातायात, पार्किङ, खानेपानी, शौचालयजस्ता आधारभूत कुराको राम्रो व्यवस्थापन गरिएकाले अधिकांश दर्शनार्थी सन्तुष्ट र उत्साहित देखिएको सहअध्यक्ष तथा नगरप्रमुख कार्कीको भनाइ छ ।

## डढेलो...

बालेको आगो अनियन्त्रित भएर स्थानीय हरमटार मैनाचउर सामुदायिक वनमा सल्केपछि निभाउन खोज्दा श्रेष्ठको जलेर मृत्यु भएको कुभिण्डेका वडाध्यक्ष गेहेन्द्रमान राईले बताए । खोजी गर्ने क्रममा डढेलोले जलेको अवस्थामा शव भेटिएको उनको भनाई छ। सामुदायिक वनमा लागेको डढेलो अझै नियन्त्रणमा आउन नसकेको प्रहरी नायव उपरीक्षक पुरुषोत्तम खड्काले जानकारी दिए । डढेलो नियन्त्रण गर्न स्थानीयवासीसँगै प्रहरीसमेत परिचालन गरिएको छ । सो डढेलो रावाबेंसी गाउँपालिकाको कार्यालय हरमटारभन्दा मुनिसम्म सल्केको स्थानीयवासीले बताएका छन् । दश स्थानीय तह रहेको खोटाङमा अधिकांश सामुदायिक वनमा डढेलो लागेको छ ।

**एक्सेल डेभलपमेन्ट बैंक लि.**
**Excel Development Bank Ltd.**
... तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था (पाँच जिल्ला कार्य क्षेत्र भएको)

**निक्षेपउपर हकदावी सम्बन्धि ३५ दिने सुचना**

कोशी प्रदेश, संखुवासभा जिल्ला, मादी विर्ता गा.वि.स वार्ड नं.-०६ स्थायी ठेगाना भई झापा जिल्ला कचनकवल गाउँपालिका वार्ड नं.-०६ बनियानी बस्नुहुने, श्री दाताराम दाहालका नाति, श्री अनन्त प्रसाद दाहालका छोरा, श्री पशुपती दाहालको मिति २०८०/१२/०३ गते मृत्यु भएकाले निजको नाममा यस बैंकको शाखा कार्यालय बनियानीमा रहेको वचत खाता नं. ण्द्दज्ञण्ज्ञण्ण्ढण्ठडघण्ण्ण्ज्ञ मा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउँ भनी मृतककी बुहारीले मिति २०८०/०१/१० मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकमउपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाणसहित सम्वन्धित शाखामा हकदावी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०७३ वमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा सम्वन्धित सवैमा जानकारीका लागि सूचित गरिएको छ ।

शाखा कार्यालय, बनियानी
फोन नं. ९८०२३१२३२२

## एकैदिन...

जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले जनाएको छ । राति ७.५५ बजेको समयमा सुरुङ्गा पुलमा बिर्तामोडबाट झिलझिलेतर्फ जादै गरेको रा १ प ६३०० नम्बरको मोटरसाइकललाई तत्काल नम्बर नखुलेको सवारीसाधनले ठक्कर दिई दुर्घटना हुँदा मोटरसाइकल चालक बिर्तामोड नगरपालिका वडा नम्बर ७ बस्ने ३८ वर्षीय तेजमणि खरेल( कमल ) को मृत्यु भएको हो । गम्भीर घाइते भई बीएण्डसी अस्पताल बिर्तामोड पठाएकोमा अस्पताल ल्याई डाक्टरले चेकजाँच गर्दा उनको मृत्यु भइसकेको थियो । मृतकको लास सोहि अस्पतालमा रहेको छ ।

सोही मोटरसाइकलको पछाडि सवार मेचीनगर नगरपालिका वडा नम्बर १० बस्ने २९ वर्षीय प्रसन्न दनुवार गंभीर घाइते भएका छन् । अनुहारमा चोट लागेका उनको बीएण्डसी अस्पताल बिर्तामोडमा उपचार भईरहेको छ । बिर्तामोडका खरेल र मेचीनगरका दनुवार घुम्न जाँदै गर्दा दुर्घटनामा परेको बताइएको छ ।

**भर्ना खुल्यो ! भर्ना खुल्यो ! भर्ना खुल्यो !**

दक्ष तथा अनुभवी शिक्षक शिक्षिकाद्वारा पठनपाठन गराइने, आफ्नै निजी भवन र खेल मैदानको प्रवन्ध भएको यस नवोदय शिक्षा सदन (इन्भेन्चर किन्डर हाउस)मा कक्षा नर्सरीदेखि कक्षा ९ सम्म भर्ना खुलेको सबैलाई जानकारी गराउँदछौं ।

**कक्षा ९ मा भर्ना हुनेलाई विशेष छुटको व्यवस्था गरिएको छ ।**

**नवोदय शिक्षा सदन**
बिर्तामोड ३, झापा
फोन : ०२३-५९१३२८ / ९८१६०५३६०१

## हात्तीपाइले रोग विरुद्धको औषधी खुवाउने बारे बिर्तामोड नगरपालिकाको अत्यन्त जरूरी सूचना

यस बिर्तामोड नगरपालिका अन्तर्गतका १० वटै वडाहरूमा यही मिति २०८१ साल वैशाख १६ गतेदेखि हात्तीपाइले रोग विरूद्धको औषधी तालिम प्राप्त स्वास्थ्यकर्मीद्वारा सेवन गराइने व्यहोरा सम्पूर्ण नगरबासीहरूमा जानकारी गराइन्छ । यो अभियान २०८१ वैशाख २५ गतेसम्म सञ्चालन हुने भएकोले उक्त औषधी आफूले सेवन गरी आफ्नो परिवारलाई समेत सेवन गराई जनस्वास्थ्य समस्याको रूपमा रहेको हात्तीपाइले रोगबाट हुने अपाङ्गताबाट बच्न तथा बचाउनु हुन सबैमा हार्दिक अनुरोध छ ।



**हात्तीपाइले रोगका लक्षणहरू**

- ज्वरो आउने
- शरीरमा कम्पन हुने
- लिम्फनलीहरू सुन्निने र रातो भई दुख्ने
- हातखुट्टामा निला धर्साहरू देखिने
- शरीरका विभिन्न भागमा गिर्खाहरू बढ्ने तथा पुरूषको अण्डकोष वरपर नसाहरू फुल्ने
- पुरूषमा अण्डकोष ठुलो भई हाइड्रोसिल हुने
- महिलामा यौनाङ्ग तथा स्तन सुनिने र दुख्ने
- खुट्टाहरू सुन्निएर हात्तीपाइले हुने
- पिसाब सेतो वा रातो आउने
- लामो समयसम्म सुख्खा खोकी लागिरहने
- दम बढ्ने तथा रगतमा इसिनोफिलिया बढ्ने आदि ।

दुई वर्ष मुनिका बालबालिकाहरू, गर्भवती महिला तथा सात दिनभित्रका सुत्केरीहरू र ओच्छ्यान लागेका सिकिस्त बिरामीहरूबाहेक सबैले यस रोगबाट उत्पन्न हुने समस्याहरूबाट छुटकारा पाउन अनिवार्य रूपमा यो औषधी सेवन गर्न सकिने कुरा जानकारी गराइन्छ ।

**बिर्तामोड नगरपालिका**
स्वास्थ्य शाखा
झापा, कोशी प्रदेश, नेपाल

नयाँ बर्ष २०८१ को हार्दिक मंगलमय शुभकामना

**नव वर्ष २०८१** शुभ अवसरमा हाम्रा समस्त अभिभावक महानुभाव, विद्यार्थी, सरकारी तथा गैह्रसरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुकलगायत देश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**Admission Open**

ADMISSION OPEN

*शैक्षिक सत्र २०८१ का लागि कक्षा १ देखि कक्षा ८ सम्म भर्ना खुलेको सहर्ष जानकारी गराउँदछौं । शहरको कोलाहलबाट टाढा, शान्त वातावरणमा अनुभवी प्राध्यापकहरूबाट अध्यापन गराइने भएकाले आफ्ना नानीहरूलाई आजै भर्ना गराउनुहोला । अब केही सिट मात्र बाँकी रहेको समेत जानकारी गराउँदछौं ।*

HIMALI EDUCATION FOUNDATION
EDUCATION BRINGS LIGHT IN DARKNESS Estd.:2063
Arjundhara - 6, Jhapa

Our Features:-
- Community based learning
- Suitable learning environment
- Computer lab with computer trainer
- Regular Extra Curricular activities
- Transportation Facility
- Day boarders facility
- Separate play station for pre - primary

**हिमाली एजुकेशन फाउण्डेशन**
अर्जुनधारा -६, झापा
फोन : ०२३-५४२८३२ /९८४२७१०८३२

## वन डढेलो नियन्त्रण सम्बन्धी डिभिजन वन कार्यालय झापाको सूचना

वन र वन्यजन्तु प्रकृतिका अमूल्य उपहार हुन्, यसको संरक्षण गर्नु हामी सबैको साझा दायित्व हो । झापा जिल्ला न्यून वन क्षेत्र तथा धेरै जनसंख्या भएको जिल्ला हो। यस जिल्लाको वन क्षेत्र कम सँगसँगै स-साना खण्डहरूमा बाँडिएर रहेका छन् भने प्राय:जसो सबै वन क्षेत्रहरू घना बस्तीले घेरिएर रहेका छन्। सुख्खा तथा हावाहुरी लाग्ने मौसमको सुरूवातसँगै वन डढेलोको जोखिम पनि बढेको छ । बनमा डढेलो लागिसकेपछि नियन्त्रण गर्न निकै कठिन हुन्छ साथै वन डढेलोले वन तथा वन्यजन्तुको अतुलनीय क्षति समेत गर्दछ ।

वन डढेलो लाग्न नदिन,

- वन क्षेत्रमा बलेको सलाईको काँटी, चुरोट, कोइला नफालौ ।
- खेत, आवादी क्षेत्रमा आगो लगाउँदा नजिकैको जंगलमा आगो नसल्कियोस् भन्ने कुरामा ध्यान दिऔं, हुरी बतासको समयमा आगो नलगाऔं ।
- जानी जानी वा व्यक्तिगत रिसिईबीको कारण वनमा आगो नलगाऔं ।
- स्वार्थवश वनमा घाँसको लागि आगो नलगाऔं ।
- सामुदायिक वन उपभोक्ता समूहले सुख्खा मौसममा नियमित वनको निगरानी बढाऔं, आवश्यकता अनुसार वन प्रवेशमा बन्देज लगाऔं, स्रोत साधनसहितको डढेलो नियन्त्रणका लागि युवा दस्ता गठन गरि परिचालन गरौं ,अग्नी रेखा सरसफाई गरौं तथा स्थानीय स्तरमा विभिन्न जनचेतनामुलक प्रचारप्रसार कार्यक्रम राखौ ।
- आगो लागेको सूचना तत्काल वन कर्मचारी, प्रहरी, वन समूह, स्थानीय तहलाई दिऔं तथा डढेलो नियन्त्रणमा आफ्नो अमूल्य सहयोग प्रदान गर्नु होस् ।

स्वच्छ हावापानी र स्वस्थ्य जनजीवनको लागि वन र वन्यजन्तु अपरिहार्य छ। वन र वन्यजन्तुको संरक्षण हाम्रो लागि नै हो ।

तपाई हाम्रो एक आपसको सहयोगले ठुलो मात्रामा हुन सक्ने प्राकृतिक तथा मानवीय क्षति टार्न सक्छौ । त्यसैले वन डढेलोबाट वन जंगल र वन्यजन्तु जोगाउने हाम्रो यो अभियानमा सबै जना सहभागी बनौ ।

**डिभिजन वन कार्यालय, झापा** सम्पर्क:
०२३४५२०५३, ९८५२६५५१८९

## सम्पादकीय

# लगानीलाई प्रोत्साहन

**देशको आर्थिक अवस्थाको सुधार चाहिएको छ। त्यो सुधार भनेको मुलुकमा राष्ट्रिय र अन्तर्राष्ट्रिय लगानीको वृद्धिले हुने हो। तर स्वदेशकै लगानीकर्ता पनि छटपटीमा छन्। उनीहरू लगानीका लागि अनेक झमेला सामना गरिरहेका छन्।**

**एक त सत्तामा भइरहेको अस्थिरताले वाक्क बनाएको छ, त्यसमाथि कानुनी अल्झन् र बल्झन उत्तिकै छन्। यसबीचमै केही समयपछि सरकार लगानी सम्मेलन गर्ने भनेर तातेको पनि छ। हो, त्यसका लागि पनि नेपालको कानुनी प्रक्रिया झन्झटिलो छैन भन्ने सन्देश विदेशी लगानीकर्तालाई दिनु आवश्यक छ र व्यवहारमा पनि सोहीबमोजिम सहजपना हुन जरुरी छ। सरकारले केही नेपाल ऐन संशोधनको अध्यादेशै ल्याएको छ। त्यसबाट उद्यम व्यवसायका लागि सहज हुने कानुनी प्रबन्ध मिलाउने गरी विशेष आर्थिक क्षेत्र, वन, निकुञ्ज र भूमिसम्बन्धी ऐनहरूमा संशोधन भएको छ। उद्योग खोल्नेका लागि आवश्यक जमिनमा हदबन्दीका कुरामा सरकारले लचिलोपन ल्याएको छ। जुन स्वागतयोग्य छ। राष्ट्रिय निकुञ्जभित्रै कुनै बेला भव्य रिसोर्टहरू थिए। पछि ती बन्द गरिए। आवश्यकता हेरी र वन्यजन्तु तथा वातावरणलाई क्षति नपुर्याउने गरी निकुञ्जभित्र गतिविधि गर्न दिने कुरा मनासिव छ।**

**वनसम्बन्धी कानुनले नेपालको विकास निर्माणमा धेरै अवरोध गरेको छ। वनमा भएको खानी उत्खनन गर्न वातावरणलाई असर नगरी सम्भवै छैन। तर अहिले पनि सरकारले वातावरणलाई असर नपर्ने भएमा अनुमति दिने शैलीकै संशोधन गरेको छ, जुन खासमा उपलब्धिमूलक मान्न सकिन्न। वातावरणको कम क्षति गर्ने वा एक ठाउँको क्षतिपूर्ति अर्को ठाउँमा गर्ने व्यवस्था गरिनुपर्छ। तर वन तथा वातावरणमा कत्ति असर नगरी काम गर्ने भन्नु भनेको कामै नगर्नू भन्नु सरह नै हो।**

**कम्प्युटर तथा सफ्टवेयरसम्बन्धी कामका लागि विदेशमा शाखा खोल्ने नेपालमा विदेशी मुद्रा भित्र्याउने भन्नेसम्बन्धी व्यवस्थाले पछिल्लो समय सूचना प्रविधि सेवामा भइरहेको निर्यातलाई पक्कै वृद्धि गर्नेछ। नवप्रवर्तनका लागि पनि सरकारले केही सहज व्यवस्था गरेको छ। तर सरकारले अहिले गरेको संशोधन र कानुनी व्यवस्था अझै पर्याप्त छैन। विदेशी वा स्वदेशी लगानीकर्तालाई सरकार सेवा अत्यन्तै सहजै उपलब्ध गराउने किसिमको व्यवस्था आवश्यक छ। र, लगानी गर्ने ठाउँमा पनि कुनै खालको वाधा अवरोध नहुने सुनिश्चितता प्रदान गरिनुपर्छ। तबमात्रै लगानीकर्ता प्रोत्साहित हुन्छन्।**

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस

---

# नेपालमा वैदेशिक लगानी

**• श्रीमन नारायण**

सरकारले वैशाख १६ र १७ गते काठमाडौँमा तेस्रो लगानी सम्मेलनको आयोजना गर्दै छ । 'इमर्जिङ नेपाल इन्भेस्टमेन्ट समिट-२०२४' नाम दिइएको यस सम्मेलनले लगानी आकर्षित गर्न आवश्यक नीतिगत तथा कानुनी स्पष्टता, 'सोकेस' का आयोजनाको पूर्वतयारी सम्मेलनको प्रचारप्रसार तथा अतिथिलाई निम्तो दिनेलगायतका काम द्रुत गतिमा भइरहेको छ । नेपालले प्रत्यक्ष वैदेशिक लगानी खुला गरेको तीन दशक बितिसक्यो तर अन्य देशको तुलनामा नेपालमा वैदेशिक लगानी भित्रिन सकेको छैन । नेपालभन्दा गरिब एवं दासताको लामो पृष्ठभूमि बोकेका देशले कम समयमा नै गरेको उल्लेखनीय प्रगतिको मुख्य कारण ती देशले वैदेशिक लगानीलाई भित्र्याउन सक्नु हो । यस लगानी सम्मेलनपछि नेपालमा पनि मित्र राष्ट्रका उद्योगपतिहरूले उत्साही भएर लगानी गर्ने अपेक्षा गर्न सकिन्छ । लगानीमैत्री वातावरणको निर्माण गर्ने जिम्मेवारी सरकारको हो र सरकारले यस दिशामा ठोस एवं सार्थक पाइला चाल्ने निश्चित छ ।

२१ औँ शताब्दीमा आर्थिक प्रगति गर्न चाहने राष्ट्रहरूले वैदेशिक लगानी भित्र्याउनुको विकल्प छैन । कुनै पनि देशको आर्थिक विकासका लागि लगानी पूर्वसर्त हो । लगानीबाट नै रोजगारी सिर्जना हुन्छ, राजस्व बढ्छ । पूर्वाधारहरू बनेपछि स्वतः लगानी आकर्षित हुन्छ । देशको आर्थिक वृद्धि गर्न र रोजगारी सिर्जना गर्न वैदेशिक लगानीको रङ हेर्नु हुँदैन । बाहिरबाट आउने लगानीले अन्ततः नेपालकै भलो गर्ने हो । विश्वका जति पनि देशले आर्थिक प्रगति गरेका छन्, ती सबैले राष्ट्रहितलाई सर्वोच्च प्राथमिकतामा राख्दै आएका छन् ।

देशमा स्थायी शान्ति कायम भएको छ । राजनीतिक अस्थिरताले पनि आर्थिक विकासको मार्गलाई अवरुद्ध पार्ने छैन किनभने देशका सबैजसो राजनीतिक दलहरूले वैदेशिक लगानीको आवश्यकतालाई महसुस गरेका छन् र यसको समर्थनमा दह्रो रूपमा उभिएका छन् । पाँच वर्षअघि नै तत्कालीन सरकारले पाँच वर्षभित्र वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यता अन्त्य गर्ने लक्ष्यको उद्घोष गरेको थियो । लक्ष्य त नराम्रो थिएन तर सम्भव भएन । नेपाली युवाले वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यताको अन्त्य गर्न देशभित्र रोजगारी सिर्जना गर्ने ठुला उद्योग स्थापना गर्न वैदेशिक लगानीकर्तालाई भित्र्याउनु आवश्यक छ ।

वैदेशिक लगानी भित्र्याउन खासगरी लगानीसम्बन्धी कानुनमा सुधार, नाफा फिर्ता लैजान पाउने सुनिश्चितता र लगानी संरक्षण सम्बन्धमा लगानीकर्तालाई विश्वस्त तुल्याउन सक्नु पर्छ । कर्मचारीतन्त्रबाट उत्पन्न गरिने प्रक्रियागत र स्थानीय तथा सरोकारवालाको आवरणमा केही राजनीतिक दल र तिनका भ्रातृ संस्थाबाट हुने गरेको 'बार्गेनिङ' लाई पनि रोकिनु आवश्यक मानिन्छ । प्रक्रिया पालन गरी वैधानिक बाटोबाट आउन खोज्ने विदेशी कम्पनीको लगानी सहजीकरण गरिदिन सरकारको ध्यान जानु पर्छ । पूर्वाधार र उत्पादन क्षेत्रमा विदेशी लगानी भित्रिन सकेको खण्डमा रोजगारीमा वृद्धिदेखि प्रतिव्यक्ति आय बढ्ने वातावरणको पनि निर्माण हुन्छ ।

हाम्रो उत्तरी छिमेकी चीनमा वामपन्थी पार्टीको शासन छ । त्यहाँको आर्थिक विकासका निम्ति पनि वैदेशिक लगानीलाई अपरिहार्य ठान्ने काम भयो । आधुनिक चीनको विकास गाथाको प्रेरणास्रोतको रूपमा देङ जियाओ पिङको आर्थिक नीतिलाई नै मान्ने गरिन्छ । उहाँले अस्सीको दशकमा नै आर्थिक उदारीकरणको नीतिलाई लागु गर्नुभएको थियो । अहिले दक्षिण कोरिया र जापानभन्दा पनि बढी वैदेशिक लगानी भित्र्याउन चीन सफल छ ।

दक्षिणी छिमेकी भारतले अहिले झन्डै आठ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गरिरहेको छ । भारतको आर्थिक प्रगतिमा सन् १९९१ मा तत्कालीन प्रधानमन्त्री पिभी नरसिंह राव र तत्कालीन वित्तमन्त्री डा. मनमोहन सिंहले लागु गरेको आर्थिक उदारीकरणको नीति नै मुख्य कारण हो । विगत साढे चार दशकदेखि उत्तरी छिमेकी चीन तथा साढे तीन दशकदेखि भारतले सोही आर्थिक नीतिलाई निरन्तरता दिँदै आएको छ ।

करिब सात वर्षअघि काठमाडौँमा आयोजित लगानी सम्मेलनलाई सम्बोधित गर्दै भारतका तत्कालीन वित्तमन्त्री अरुण जेट्लीले वैदेशिक लगानीको महत्वबारे भन्नुभएको थियो- हाम्रो देशमा कसको लगानी आयो भनेर हेरेनौँ किनभने लगानी आएपछि बढ्ने आर्थिक क्रियाकलापले नै सरकारको आम्दानी बढ्ने हो । त्यसरी आउने लगानीले सिर्जना गर्ने आर्थिक क्रियाकलाप र रोजगारी लगानीको रङभन्दा धेरै महत्त्वपूर्ण हुन्छ । साथै लगानीमार्फत राजस्वको पनि वृद्धि हुने गर्छ । एक जनाले लगानी गरेर नाफा आर्जन गरेपछि अरू पनि लगानी गर्न प्रेरित हुन्छन् । त्यसो हुँदा लगानीले थप लगानी सिर्जना गर्छ र नाफामूलक लगानीले अझ ठुलो लगानी आकर्षित गर्छ । लगानी बढदै जाँदा सरकारको राजस्व बढ्छ, जसले अझै ठुलो रोजगारी सिर्जना गर्छ तथा सरकारलाई बढी खर्च गर्न सक्षम बनाउँछ । यसले थप आर्थिक कारोबार बढाउँछ, राम्रो पूर्वाधार बन्छ । राम्रो पूर्वाधार बनेपछि थप लगानी सिर्जना हुन्छ । वैदेशिक लगानीले सिर्जना गर्ने आर्थिक क्रियाकलाप र रोजगारी लगानीको रङभन्दा बढी महत्वपूर्ण हुन्छ ।

कुनै पनि देश आफ्नो क्षेत्रफल तथा जनसङ्ख्याका कारणले सानो अथवा ठुलो हुँदैन । देशको महानताको मापदण्ड आर्थिक समृद्धि तथा नागरिकलाई उपलब्ध सेवा सुविधाले निर्धारण गर्छ । यस कुरालाई सिङ्गापुर तथा मलेसियाले साबित गरिसकेको छ । सिङ्गापुरको विकासका लागि महानायक लि क्यु वानले आफ्नो दूरदर्शिता, समर्पण, इमानदारी तथा त्यागका कारण आफ्नो देशलाई प्रगतिको शिखरसम्म पुऱ्याउनु भयो । अहिले विश्वका कतिपय देशका शासक, नेता, र जनताको सपना नै सिङ्गापुर जस्तै आफ्नो देशलाई विकास गर्नु रहेको छ ।

विश्वभरिबाट कच्चा माल मगाई त्यसको श्रेष्ठ उत्पादन तयार पारी पुनः त्यसै देशमा निर्यात गर्ने कलामा सिङ्गापुरको उदाहरणीय छ । त्यहाँका बन्दरगाह पनि विश्वकै दोस्रो व्यस्त तथा कमाइ गर्ने बन्दरगाहको रूपमा परिचित छ । सिङ्गापुरको व्यापारको तुलनामा सकल घरेलु उत्पादन अर्थात् 'ट्रेड टु जिडिपी' अनुपात विश्वमा सर्वाधिक छ । वर्तमान अवस्थामा सिङ्गापुरको बचत दर विश्वमा सबैभन्दा बढी छ र यहाँका नागरिकका निम्ति अमेरिका र युरोपभन्दा पनि राम्रो सहज स्वास्थ्य सुविधा छ । राष्ट्रको विकासका निम्ति नेताहरूको ध्येय र दृष्टि प्रस्ट हुनु आवश्यक छ ।

प्राकृतिक सम्पदाको मामिलामा धनी देश नभए पनि मलेसियाका पूर्व प्रधानमन्त्री महाथीर मोहम्मदको कुशल नेतृत्व क्षमता, दूरदर्शिता तथा राष्ट्र एवं जनताप्रति समर्पणका कारण मलेसिया आज आधुनिक अर्थ व्यवस्थाको शीर्ष पङ्क्तिमा छ । नेपाल जतिकै जनसङ्ख्या भएको मलेसियाको कुल निर्यात दुई दशकअघि नै १० हजार करोड अमेरिकी डलरलाई नाघिसकेको थियो । सुरुमा रबर र टिन धातुको कच्चा पदार्थ निर्यात गर्ने मलेसियाले सन् १९७० मा आत्मसात् गरेको आर्थिक नीतिका कारण आज इलेक्ट्रोनिक उपकरणको सबैभन्दा ठुलो निर्माता बनेको छ । मलेसियामा मुसलमानहरू बहुसङ्ख्यक छन् तर त्यहाँ धार्मिक कट्टरता छैन । एक दशकअघि नेपाल भ्रमणमा आउँदा महाथीर मोहम्मदले देशको आर्थिक विकासका लागि देशका राजनीतिक दलहरू, विभिन्न समुदाय तथा जातजातिबिच भावनात्मक एकता आवश्यक भएको बताउनुभएको थियो । उहाँले लगानी र व्यापारीमैत्री वातावरणको निर्माणका साथै कानुनी अप्ठ्याराहरू पनि बढी नभएमा मात्रै लगानी भित्रिने बताउनु भएको थियो । नेपालमा जलस्रोत, कृषि, ऊर्जा, पर्यटन, जडीबुटीलगायतका क्षेत्रमा वैदेशिक लगानीलाई भित्र्याउनु आवश्यक छ । नेपालको आर्थिक विकासका लागि वैदेशिक लगानी अपरिहार्य छ ।

---

# मानव पुँजीको व्यवस्थापन

**• गायत्री लम्साल**

विकासको साधन र साध्यका रूपमा मानव विकासलाई लिइन्छ । मानव विकासका लागि मानव पुँजी व्यवस्थापन पहिलो अनिवार्य सर्तको रूपमा लिन जरुरी छ । मानवस्रोत एक मात्र यस्तो स्रोत हो, जससँग चेतना हुन्छ, सिप हुन्छ अनि यसैको माध्यमबाट अन्य सबै स्रोतसाधनको परिचालनमा प्रभावकारिता ल्याउने सामर्थ्य बोक्छ । सार्वजनिक प्रशासनमा मानव पुँजी व्यवस्थापनलाई अति महत्त्वपूर्ण व्यवस्थापकीय आयामका रूपमा लिइन्छ । यो बहुआयामिक विषय हो । जनशक्ति योजना, जनशक्ति विकास, मानवस्रोत व्यवस्थापन र मानव पुँजी व्यवस्थापन अन्तरसम्बन्धित आयाम हुन् ।

हरेक सङ्गठनमा मानवस्रोतको उचित व्यवस्थापन भएको खण्डमा यसले मानव पुँजी निर्माणमा जोड दिँदै मानव पुँजी व्यवस्थापनको ढोका खुला बनाउँछ । सङ्गठनमा रहने मानवस्रोत निश्चित प्रक्रिया पूरा गरेर छनोट र पदपूर्ति गरिन्छ । यसमा योग्यता र दक्षताले पहिलो प्राथमिकता पाएको हुन्छ । यो मानवस्रोतलाई सक्रिय बनाइराख्न सबै कर्मचारीबिचमा राम्रो सञ्चारको वातावरण निर्माण हुनु पर्छ । व्यक्तिगत स्वार्थलाई त्यागेर सङ्गठनात्मक हित प्रवर्धन गर्न सक्ने सङ्गठनात्मक संस्कृतिको विकास गर्नुपर्ने हुन्छ । यसका लागि आवश्यक मात्रामा कर्मचारीको सुरक्षा व्यवस्थापन, क्षतिपूर्ति व्यवस्थापन, सुविधा व्यवस्थापन गर्न सक्नु पर्छ । आफूमा अन्तरनिहित क्षमतालाई उजागर गर्नका लागि हरेकलाई उत्प्रेरित गर्दै उच्च मनोबल कायम गर्न जरुरी देखिन्छ ।

कर्मचारी प्रशासनलाई सक्षम, सबल र हरेक नागरिकको मनमा विश्वास जित्ने बनाउन उनीहरूमा आवश्यक तालिम र विकास, सम्भार व्यवस्थापन गर्दै मानवस्रोतको व्यवस्थापनले सङ्गठनले गति लिन सक्छ । त्यसै गरी मानव पुँजी व्यवस्थापनभित्र धेरै विषय समाहित भएको हुन्छ । यसका लागि उचित सङ्गठनात्मक स्वरूपको निर्माण गर्नु पर्छ । आवश्यकता अनुसारको दक्षता र सिप भएका जनशक्तिको उचित व्यवस्थापन गर्दै उनीहरूको क्षमतालगायत वृत्तिविकास व्यवस्थापन गर्न जरुरी देखिन्छ । कर्मचारीबिचमा असल अन्तरसम्बन्ध निर्माण गर्दै प्रतिभालाई सङ्गठनमा टिकाइराख्ने परिणाम व्यवस्थापन गर्न सक्नु पर्छ ।

आज देशमा हाम्रा मानव पुँजी विदेश पलायन भएका छन् । बौद्धिक रूपमा पहिलो ग्रेडका विद्यार्थी अध्ययनका लागि बिदेसिने र पछि स्वदेश नफर्कने वातावरण बढ्दै गएको छ । हाम्रा जनप्रतिनिधिको ध्यान मानव पुँजी व्यवस्थापनमा केन्द्रित हुनु पर्छ । सबै दलको चुनावी घोषणापत्रमा स्वदेशमै रोजगारीका अवसर सिर्जना गरिने विषयलाई उल्लेख गरिन्छ तर चुनाव सकिएर नयाँ सरकार बन्ने वित्तिकै वैदेशिक रोजगारीका नयाँ गन्तव्य मुलुक खोज्दै हिँड्ने हाम्रो विद्यमान परम्परा भएर रहेको छ । जसले गर्दा जुन सबैभन्दा महत्वपूर्ण विषय भएर पनि छायामा परेको छ । स्वदेशमै रोजगारीका अवसर सिर्जना गर्ने र स्वदेशको जनशक्ति विदेशमा निर्यात गर्ने उद्योगलाई प्रमुख रूपमा कायम राखिराख्ने भन्ने यी दुई विषयबिच निकै भिन्नता छ ।

वास्तवमा, मानव पूँजी नै सम्पूर्ण पुँजीको पुँजी हो । मुलुकले उत्पादनमुखी अर्थतन्त्र अपनाउन नसक्दा आफ्ना देशका युवा वर्गलाई वैदेशिक रोजगारीमा पठाएर स्वदेशलाई आवश्यक पर्ने करिब २० खर्ब बराबरको वस्तु तथा सेवा भने विदेशबाट आयात गर्नु परिरहेको अवस्था छ । ९० प्रतिशतभन्दा बढीको व्यापार घाटा भोग्नु पर्नाको मुख्य कारण उत्पादनमुखी अर्थतन्त्रको बाटो अपनाउँदै स्वदेशमा नै मानव पुँजीको सही परिचालन गर्न नसक्नुको परिणाम हो । जबसम्म हाम्रा निर्वाचित जनप्रतिनिधिको मन र मस्तिष्कमा मानव पुँजीको महत्व बोध हुँदैन तबसम्म मानव पुँजीको व्यवस्थापन कार्यले गति लिन सक्दैन । मानव पुँजी सम्पूर्ण अन्य पुँजीलाई समेत दिशानिर्देश गर्दै विवेकसम्मत ढङ्गले परिचालन गर्ने मुख्य पुँजी हो ।

उपयुक्त नीति र विधिको माध्यमबाट मानव पुँजी विदेश पलायन हुनुका साटो स्वदेशमा नै संलग्न हुने वातावरण बनाउन सक्नु पर्छ । हाम्रा जनप्रतिनिधिले आफ्नो दायित्व के हो भनेर सोच्नुपर्ने बेला भएको छ । अहिले जस्तो भौतिक निर्माणको ठेक्का निर्वाचित जनप्रतिनिधिले लिने विषय होइन । यी काम त भौतिक पूर्वाधार विकास राष्ट्रिय तथा स्थानीय योजना अन्तर्गतको नियमित प्रक्रिया हो । उपयुक्त राष्ट्रिय, प्रादेशिक नीति र विधि बनाएर मानव पुँजी सही प्रयोग गर्ने काममा महत्वपूर्ण भूमिका हाम्रा जनप्रतिनिधिले खेल्नु पर्छ । जनसङ्ख्या राज्यका लागि महत्वपूर्ण हुन्छ । त्यसैले यसलाई राज्यका लागि भार नमानी विकासको सर्वोत्कृष्ट औजार र सार मान्न जरुरी देखिन्छ । जनसङ्ख्यालाई उत्पादकत्वसँग गाँसेर बुझ्ने र व्यवहार गर्ने गर्नु पर्छ ।

नेपाल विकासका लागि प्रचुर सम्भावना बोकेको मुलुक हो । यहाँको जनसङ्ख्याको जनसाङ्खिक लाभ लिन सक्नु पर्छ । हरेक वर्षको बजेटमा जनशक्ति योजना, विकास, यसको उपयोग गर्दै उचित व्यवस्थापनका लागि आवश्यक रकम छुट्याउनु पर्छ । मानव पुँजी नै विकासको प्रमुख साँचो हो । जसलाई उपेक्षा गरेर विकासको ढोका खुल्दैन । मुलुकको समग्र शक्ति भनेको नै मानव पुँजी हो । मानवमा निहित कल्पनाशीलता, सिर्जनशीलता, नवीन सोच, विचार, शैली, अनुभव, ज्ञान, सिप आदि विकासका लागि महत्वपूर्ण मानव पुँजी हुन् । हामी नेपाली मानवीय गुणका निकै धनी छौँ । हामीभित्र भएको इमानदारी, मेहनत, लगनशील, धीरता, सहजता, मिलनसारिता, सहयोगी स्वभाव आदि गुणहरूले विश्वका धेरै मुलुकमा विश्वसनीयता हासिल गरेका नेपालीलाई नेपालमै बस्ने वातावरण निर्माण गर्न जरुरी छ । यसका लागि उपयुक्त दिग्दर्शन र व्यवस्थापनको आवश्यकता छ ।

आजको समयसम्म आइपुग्दासमेत निरपेक्ष गरिबीको सङ्ख्या १५.१ प्रतिशत रहेको छ । जसले आधारभूत आवश्यकता परिपूर्ति गर्न सकेका छैनन् । आत्मनिर्भर अर्थतन्त्र निर्माणमा ध्यान दिँदै नागरिकका दैनिक आवश्यकता परिपूर्ति गर्ने वातावरण निर्माण गर्नु/गराउनु विशेष गरी राज्यको दायित्व हो । यसका लागि हामी आमनागरिक समग्र राष्ट्रहितका लागि अगाडि बढ्न सक्नु पर्छ । नागरिकको मानवीय मूल्य वृद्धि गर्नका लागि शिक्षा र अनुसन्धानको क्षेत्रमा व्यापक लगानी गर्नु पर्छ । आधारभूत आवश्यकता नै परिपूर्ति गर्न नसकेका मानवलाई क्षमतावान्, ऊर्जाशील र उत्पादनमुखी बनाउनु भनेकै मानव पुँजीको विकास गर्नु हो । मानिसभित्र स्वयम् नैतिक, मानसिक, सामाजिक र सांस्कृतिक गुणको पर्याप्त विकास हुनु पर्छ भन्ने अवधारणाले समेत मानव पुँजीको अवधारणासँग सिधा सम्बन्ध राख्छ ।

विश्वका विकसित देशमा मानव संसाधन विकासलाई संस्थाको व्यावसायिक रणनीति बनाएर व्यवस्थापन र सञ्चालक समितिमा समेत लैजाने गरिन्छ । त्यसको कार्यान्वयन पनि पूर्ण रूपमा हुने गरेको पाइन्छ । नेपालमा समेत यसको अनुसरण हुन आवश्यक देखिन्छ । मानव विकासका सबै आयाममा प्रदेशहरूबिच रहेको अन्तरलाई न्यूनीकरण गर्न हाल सञ्चालनमा रहेका कार्यक्रमलाई थप प्रभावकारी बनाउनु पर्छ । स्थानीय आवश्यकताका आधारमा मात्र स्थानीय कार्यक्रम सञ्चालन गर्ने/गराउने परिपाटी बसाल्नु पर्छ । प्राविधिक तथा व्यावसायिक शिक्षामा नागरिकको सहज पहुँच हुनु पर्छ । हाम्रा निर्वाचित जनप्रतिनिधि अहिलेको अवस्थाबाट माथि उठी मानव पुँजीका रूपमा प्रस्तुत हुन सक्नु पर्छ । अहिलेको हाम्रो जनशक्तिलाई व्यापक रूपमा मानव पुँजीका रूपमा विकास गरी सोको उचित व्यवस्थापन गर्नु तीन वटै तहका सरकारको साझा दायित्व हो ।

# ४१ लाख ठगी गर्ने दुई पक्राउ

झापा(प्रस) । वैदेशिक रोजगारीका लागि क्यानाडा पठाइदिन्छु भनी ४१ लाख २० हजार रुपैयाँ ठगी गरेको आरोपमा प्रहरीले दुई जनालाई पक्राउ गरी सार्वजनिक गरेको छ ।

पक्राउ पर्नेमा सुनसरी इनरुवा नगरपालिका-३ घर भई हाल काठमाडौँ चन्द्रागिरि नगरपालिका-११ नैकाप बस्ने ३९ वर्षीय सत्यन्द्र श्रेष्ठ र बागलुङ काठेखोला गाउँपालिका-५ घर भई काठमाडौँ महानगरपालिका-१६ वनस्थली बस्ने २७ वर्षीय विवेक कँडेल रहेको काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक रवीन्द्र रेग्मीले जानकारी दिए । उनका अनुसार पक्राउ परेकामध्ये सत्यन्द्रले क्यानडा पठाइदिने भन्दै पीडितबाट रु. ३८ लाख २० हजार ठगी गरेको र विवेकले माल्टा पठाइदिने भन्दै तीन जना पीडितबाट रु. तीन लाख ठगी गरेको खुल्न आएकाले सत्येन्द्रलाई अनामनगर र विवेकलाई बागबजारबाट पक्राउ गरिएको हो ।

पक्राउ परेकाहरुलाई थप अनुसन्धान तथा कारवाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौँ पठाइएको प्रवक्ता रेग्मीले बताए ।

# अब फार्मेसीमै औषधीको परीक्षण

झापा(प्रस) । औषधी पसलले बिक्री गरिरहेको औषधी सक्कली भए नभएको पत्ता लगाउन अनुगमन गरी परीक्षण गरिने भएको छ । औषधी व्यवस्था विभागले त्यस्ता पसलमा मिनी ल्याब लगेर तत्काल औषधीको गुणस्तर पत्ता लगाउने छ । यसअघि औषधी व्यवस्था विभागले औषधीको नियमन र अनुगमन मात्र गर्दै आएको थियो ।

औषधी पसलमै पुगेर औषधीको परीक्षण गरी सक्कली वा नक्कली भएको पुष्टि गर्न लागिएको यो पहिलो पटक हो । त्यसका लागि विभागले २३ जना कर्मचारीलाई तालिम प्रदान गरेको छ । विभागका महानिर्देशक नारायणप्रसाद ढकालले भने, "बिक्री भइरहेका औषधी सक्कली वा नक्कली हो भन्ने पसलमै पत्ता लगाइने छ । नक्कली भएको पुष्टि भएमा तत्कालै कारबाही प्रक्रिया अगाडि बढाइने छ ।"

यो नयाँ विधि होइन । भारत, बङ्गलादेशलगायतका मुलुकमा अभ्यास हुँदै आएको छ । मङ्गलबार वीर अस्पतालको फार्मेसीमा यसको परीक्षण गरिएको छ । उनका अनुसार परीक्षण गर्दा औषधीमा कुनै कैफियत फेला परेन । "औषधीको मात्रा ठिक छ छैन, गलत औषधी दिइएको छ कि लगायत पनि परीक्षणका क्रममा अनुगमन गरिने छ," उनले भने, "अहिलेलाई काठमाडौँबाट यसको सुरुवात गरिए पनि क्रमशः देशव्यापी बनाइने छ ।"

नेपालमा नक्कली औषधीको बिगबिगी रहेको अनुमान विभागको छ । औषधीले बिरामी ठिक हुनुको साटो झन् नकारात्मक प्रभाव पार्ने, औषधीको मात्रा घटबढ हुने गरी बिक्रीवितरण गर्ने गरेको पाइएको छ । "यस्ता गतिविधि गर्नेलाई तत्काल स्क्रिनिङ गरिने छ," विभागका महानिर्देशक ढकालले भने, "यसले आमउपभोक्तालाई राहत हुने छ ।"

कतिपय उत्पादन मापदण्डविपरीत हुने गरेको छ । उनले त्यसको लागि विभागको मिनी ल्याब प्रविधिले फाइदा हुने बताए । औषधी पसलमा परीक्षण गर्द त्रुटि देखिएमा विभागले प्रयोगशालामा ल्याएर पनि परीक्षण गर्न सक्ने छ ।

मिनी ल्याबका लागि छुट्टै मेसिन हुन्छ । केही स्टलमेन्ट राखिएका हुन्छन् । विभिन्न खालका औषधीसम्बन्धी साधन र किट पनि सँगै हुने गर्छ । यस्तो मिनी ल्याबमा परीक्षण गर्न आवश्यक केमिकल पनि हुन्छ । विभागका महानिर्देशक ढकालले विशेष गरी सीमावर्ती क्षेत्रमा नक्कली औषधीको बिगबिगी हुनाले यसको प्रयोगबाट त्यहाँ भइरहेका बदमासी रोकिने बताए ।

# बिर्तामोडका कुष्ठ प्रभावितलाई सामग्री वितरण

बिर्तामोड(प्रस) । बिर्तामोड नगरपालिका स्वास्थ्य शाखाले कुष्ठ प्रभावितहरुलाई स्वयम् हेरचाहसम्बन्धी अभिमुखीकरण प्रदान गर्दै सामग्री वितरण गरेको छ ।

बुधबार नगर अस्पतालमा आयोजित एक कार्यालयका बीच कुष्ठ प्रभावितहरुलाई सचेतना प्रदान गर्दै स्वास्थ्य सरसफाईका लागि सामग्री वितरण गरिएको हो । ३० जना कुष्ठ प्रभावितहरुलाई नगर प्रमुख पवित्रा महतारा प्रसाईले सामग्री हस्तान्तरण गरेकी हुन् ।

सरसफाईका लागि औषधि, बाटा, मग, जुत्ता मोजालगायतका सामग्री वितरण गरिएको थियो । उक्त कार्यक्रममा नगरप्रमुख प्रसाईले सरसफाईमा विशेष ख्याल गर्न आग्रह गरेकी छन् । उनले कुनै समस्या भए तत्कालै नगर अस्पताल आएर उपचारमा सहयोग लिन सुझाव दिइन् । नागरिकको स्वास्थ्य सेवामा नगरपालिका प्रतिवद्ध रहेको उनको भनाई छ ।

सिनियर अहेव दिपक सापकोटाका अनुसार प्रभावितहरुलाई दुई घण्टाको अभिमुखीकरणसमेत प्रदान गरिएको थियो ।

जिल्लाकै उच्च जोखिम रहेको बिर्तामोड नगरपालिकामा बालबालिकाहरुमा समेत कुष्ठरोग फेला परेको छ । बालबालिकाहरुमै रोग देखिएपछि समुदायमा फैलावट धेरै भएको बताइएको छ ।

स्वास्थ्य शाखाले समुदायसम्म पुगेर कुष्ठरोगका संक्रमित विरामीहरुको खोजपड्ताल सँगै विरामीहरुको उपचारमा सहजीकरण गरिरहेको छ ।

# बिर्तामोडमा टेल्जीको नयाँ सोरुम

बिर्तामोड(प्रस) । चिनिया इलेक्ट्रिक स्कुटर टेल्जीको नेपालका लागि आधिकारिक बिक्रेता योममाई मोटर्सले झापाको बिर्तामोडमा आफ्नो ११ औं सोरुम सञ्चालनमा ल्याएको छ ।

सोरुमले टेल्जीका विद्युतीय स्कुटर बिक्री गर्नुका साथै बिक्रीपछिको सेवा समेत उपलब्ध गराउनेछ । कम्पनीका निर्देशक सञ्जीव सिल्पकारले नेपालको लोकप्रिय ब्रान्डको सोरुम पूर्वमा विस्तार गर्न पाउँदा अत्यन्तै खुसी भएको बताए ।

'टेल्जीका विद्युतीय स्कुटरहरू विश्वस्तरीय साथै विश्वसनीय दुईपांग्रे ब्रान्ड हो । टेल्जीले युनाइटेड नेसनको इन्भाइरोमेन्ट ई मोबिलिटी पार्टनरको रूपमा रहेर काम गर्दै आएको छ भने टेल्जीको नाममा धैरै विश्व कीर्तिमानहरू रहेका छन् । 'काठमाडौँ, बुटवल, पोखरालगायतका धेरै सहरहरूका ग्राहकहरूको मायाले हामी नेपालमै सर्वाधिक लोकप्रिय ब्रान्ड बन्न सफल भएका छौँ भने पूर्वको सहर बिर्तामोडमा हाम्रो सोरुम सञ्चालनमा ल्याउन पाँउदा हामी अत्यन्तै हर्षित भएका छौँ,' उनले भने ।

एभरेस्ट अटो ट्रेडका सञ्चालक प्रेमबहादुर थापाले नेपालको चर्चित ब्रान्ड झापा ल्याउन पाएकोमा खुसी व्यक्त गरे । 'काठमाडौँलगायतका धेरै सहरहरूमा परीक्षण भइसकेको र नेपालमै पहिलोपटक एक लाख किलोमिटर वारेन्टी भएको यस्तो विश्वस्तरीय ब्रान्ड टेल्जीको डिलरको रूपमा काम गर्ने अवसर पाउँदा हामी खुसी भएका छौँ । अबको युग इलेक्ट्रिक सवारीसाधनको युग हो,' उनले भने ।

टेल्जीका स्कुटर मर्मत खर्च अत्यन्तै न्यून अर्थात २० पैसाभन्दा कम खर्चमा प्रतिकिलोमिटर सञ्चालन गर्न सकिने एभरेस्ट अटो ट्रेडका प्रबन्ध निर्देशक मिलन लिम्बूले बताए ।

'हामीले पार्टस तथा सर्भिसको लागि सबै तयारी पूरा गरेर सोरुम सञ्चालनमा ल्याएका छौँ । हाम्रा ग्राहकलाई निर्धक्क भएर विद्युतीय स्कुटर चढ्न अनुरोध समेत गर्दछु,' उनले भने ।

कार्यक्रममा बिर्तामोड नगरपालिकाका अधिकृत मेघराज बास्तोला, बिर्तामोड उद्योग वाणिज्य संघका महासचिव कुशल खतिवडा तथा समाजसेवी छिरिङ शेर्पालगायत उद्योगी व्यवसायीहरूको उपस्थिति रहेको थियो ।

टेल्जी नेपालले विगत ५ वर्षदेखि नेपाली बजारमा इलेक्ट्रिक स्कुटर उपलब्ध गराउँदै आएको छ । कम्पनीले ग्राहकहरू सन्तुष्ट हुनेगरी पार्टस उपलब्ध गराउँदै उत्कृष्ट सर्भिस दिँदै आएको छ ।

कम्पनीले केही दिनअघि मात्र आफ्नो लायन मोडलमा नेपालमा पहिलोपटक एक लाख किलोमिटर वा ५ वर्षको वारेन्टी दिने घोषणा गरेको छ ।

---

## चार ..

दमकबाट खटिएको संयुक्त प्रहरी टोलीले छापा मारेको थियो । त्यसक्रममा कमल श्रेष्ठ , दमक नगरपालिका वडा नं. ८ बालुवाटार बस्ने २९ वर्षीय भान्जा भन्ने रुपेश पौडेल , भारत बिहार राज्य किशनगंज जिल्ला समीदिन कटलबारी वडा नं. ७ लोहा गारा बस्ने २५ वर्षीय अंजार आलम र सोही ठाउँ बस्ने २७ वर्षीय कमरुललाई १२ ग्राम ११० मिलिग्राम ब्राउनसुगरसहित पक्राउ गरिएको हो । उनीहरुको साथबाट नगद २३ हजार ३०० र ४ थान मोबाईलसमेत फेला पारी आवश्यक कार्वाहीका लागि इलाका प्रहरी कार्यालय दमकमा राखिएको छ ।

बुधवारै दिउँसो १:५० बजेको समयमा झापा गाउँपालिका १ सितुमारी कार्कीचौक ईलाकामा सशस्त्र प्रहरी बल, नेपाल बि.जी.पी टाघनडुब्बा र ईलाका प्रहरी कार्यालय कुमरखोदबाट खटिएको ४ जनाको संयुक्त टोलीले भारतबाट नेपालतर्फ आउँदै गरेका पैदलयात्री भारत किसनगंज सिंहिमारी ग्रामपंचायत ८ बस्ने ५५ वर्षीय अजुमुदिन आलम र सोही ठाउँ बस्ने कदुभिट्टा ग्रामपंचायत २ बस्ने २६ वर्षीय मस्ताहक आलमले डयूटी टोलीलाई देखेर बाटोनजिकै रहेको काँसघारीमा लुकाउँदै गरेको अवस्थामा ९१ ग्राम ३८० मिलिग्राम बाउनसुगर फेला पारेको थियो ।

बैशाख ९ देखि १२ गतेसम्म लागूऔषधको ठूलो मात्रा बरामद भएको हो । बैशाख ९ गते अर्जुनधारा ५ पानीकलस्थित बिरीङ खोला जाने कच्ची भित्री सडकखण्डमा लागूऔषधको कारोबार गर्दैगर्दा ४० ग्राम ८२० मिलिग्राम ब्राउनसुगरसहित कनकाई नगरपालिका वडा नं. ८ बागेडाँगी बस्ने ३१ वर्षीय रविन चौधरी पक्राउ परेका थिए ।

बैशाख १० गते साँझ ६ बजेको समयमा मेचीनगर ६ स्थित मेची पुलमा भारतबाट नेपालतर्फ आउँदै गरेका पैदलयात्री धादिङ खन्याबास गाउँपालिका ५ बस्ने २० वर्षीय विनोद तामाङलाई शंका लागेर चेकजाँच गर्दा उनको साथबाट ४३.१५ ग्राम ब्राउनसुगर फेला परेको थियो ।

बैशाख ११ गते बिहान १० बजे बैतडी दशरथचन्द नगरपालिका वडा नम्बर ८ त्रिपुरा सुन्दरी बस्ने २५ वर्षीय रोशन थापालाई बिर्तामोड नगरपालिका वडा नम्बर ३ स्थित बिराट आदर्श टोलमा ३९ ग्राम १० मिलिग्राम ब्राउनसुगरसहित पक्राउ गरिएको थियो ।

बैशाख ११ गते साँझ ६:१५ बजेको समयमा मेचीनगर नगरपालिका ६ पुरानो मेची पुलमा लागूऔषध नियन्त्रण ब्युरो काँकरभिट्टा र इलाका प्रहरी कार्यालय काँकरभिट्टाबाट खटिएको संयुक्त प्रहरी टोलीले भारतको पानीट्यांकीबाट पैदल आउँदै गरेका कमल गाउँपालिका ५ बस्ने २० वर्षीय मनिस मगरलाई शंका लागेर उनको शरीर तलासी लिँदा दाहिने हातमा झुण्ड्याई ल्याएको प्लाष्टिकको झोलाभित्र सेतो रंगको प्लाष्टिकको पोकामा १ ग्राम ५०० मिलिग्राम ब्राउनसुगर फेला परेको थियो ।

बैशाख ११ गते साँझ ६ बजेको समयमा मोरङ उर्लाबारी नगरपालिका वडा नम्वर ९ घर भई दमक नगरपालिका वडा नं.-९ क्याम्पस मोडमा डेरा गरी बस्ने २४ वर्षीय सुजन दाहाल र दमक वडा नं. ९ बस्ने २६ वर्षीय भिष्म कँडेललाई बिशेष सूचनाको आधारमा सुजन दाहाल बसेको कोठामा इलाका प्रहरी कार्यालयबाट खटिएको टोलीले खानतलासी लिँदा ८ ग्राम ब्राउनसुगर फेला परेको थियो ।

बैशाख ११ गते इलाम चुलाचुली गाउँपालिका-५ घर भई हाल दमक नगरपालिका- ३ भुटानी शरणार्थी शिविरमा बस्दै आएका ३३ बर्षीय फुर्वा तामाङको घरमा लागूऔषध बेचबिखन भईरहेको भन्ने सूचना पाएसंगै प्रहरी चौकी बाघखोरबाट खटिएको प्रहरी टोलीले उक्त घरबाट ब्राउनसुगर २ ग्राम ६०० मिलिग्राम, नगद १५ हजार ४५० रुपैयाँ र बिभिन्न कम्पनीको मोबाईल २ थान बरामद गरेसंगै तामाङलाई पक्राउ गरेको थियो ।

झापा प्रहरी लागूऔषध नियन्त्रणमा आक्रामक रुपमा लागिरहेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी कृष्णकुमार चन्दले बताए ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा
सम्पर्कः
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्कः
फोनः ०२३-५४०४७८
मोः ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोनः ०२३-५४२६१६, मोः ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३०९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** आज चिताएको कामले तीव्रता लिनेछ । परिश्रमअनुसार उपलब्धि पाइएला ।

**वृष** सामाजिक क्षेत्र र नोकरीबाट मानसम्मान मिल्नेछ । अध्यापनमा प्रगति हुनेछ ।

**मिथुन** आजको दिनमा दिन भोजभतेरमा सहभागी हुनुपर्ला ।

**कर्कट** आज धर्मकर्ममा रुचि बढ्ने छ । शुभ समाचार सुन्न पाइएला ।

**सिंह** आज इच्छा र आकांक्षा पूर्ण हुनेछन् । मित्रताको बन्धन कसिने छ ।

**कन्या** मनमा दोधारको अवस्था सिर्जना हुनसक्छ । विचार पुर्याएर निर्णय लिनु राम्रो होला ।

**तुला** आज पारिवारिक प्रेम र सद्भाव बढेर जानेछ । रोकिएका कामहरू पुरा हुनेछन् ।

**वृश्चिक** आजको दिन मध्यम नै रहनेछ । मनमा दोधारको अवस्था सिर्जना हुनसक्छ ।

**धनु** जोशजाँगर र हिम्मत बढ्नेछ । दैनिक कार्यहरूमा प्रगति हुनेछ ।

**मकर** आज लामो समयदेखि रोकिएका अधुरा कार्यहरू पुरा हुनेछन् ।

**कुम्भ** शुभ समाचार सुन्न पाइनेछ । मित्रबाट विशेष सहयोग मिल्नेछ ।

**मिन** लामो समयदेखि रोकिएका अधुरा कामहरूको पुन योजना बन्नेछ ।